20.10.2026

***आकाशवाणी गान्तोक***

***प्रादेशिक समाचार***

***राज्यपाल दुष्यन्त गौतमद्वारा गणेश टोक मन्दिरमा पूजा-अर्चना***

सिक्किमका नवनियुक्त राज्यपाल श्री दुष्यन्त गौतमले पदभार ग्रहण गरेपछि आज गान्तोकस्थित प्रसिद्ध गणेश टोक मन्दिर पुगेर पूजा-अर्चना गर्नुभयो। यस अवसरमा राज्यपाल गौतमले सिद्धिदाता भगवान् श्री गणेशको दर्शन गरी विधिपूर्वक पूजा-अर्चना गर्दै आशीर्वाद ग्रहण गर्नुभयो। पूजा-अर्चनाका क्रममा उहाँले सिक्किम राज्यको निरन्तर प्रगति, शान्ति र समृद्धिको कामना गर्नुभयो। साथै, राज्यका सम्पूर्ण जनताको सुख, उत्तम स्वास्थ्य र उज्ज्वल भविष्यका लागि पनि मंगलकामना व्यक्त गर्नुभयो।

***मुख्यमन्त्री प्रेमसिंह तामाङद्वारा जुनियर पोएट आइडलकी फाइनलिस्ट प्रिस्का अधिकारीसँग भेट***

मुख्यमन्त्री प्रेमसिंह तामाङ (गोले) ले आज आफ्नो सरकारी निवासमा सिङ्ताम–खाम्दोङ निवासी श्री लक्ष्मण अधिकारीकी छोरी प्रिस्का अधिकारीसँग भेट गरेका छन्। काठमाडौँमा आयोजना हुन गइरहेको जुनियर: द पोएट आइडल को फाइनलमा स्थान सुरक्षित गर्न सफल भएकोमा मुख्यमन्त्रीले प्रिस्काको उपलब्धिप्रति खुसी व्यक्त गर्दै उनलाई बधाई तथा फाइनल चरणका लागि शुभकामना दिएका छन्। मुख्यमन्त्री तामाङले प्रिस्काले आफ्नो प्रतिभा र आत्मविश्वासका साथ आगामी चरणमा पनि उत्कृष्ट प्रदर्शन गर्दै सफलता हासिल गर्ने र आफ्नो परिवारसँगै समग्र सिक्किम राज्यको नाम उज्ज्वल बनाउने विश्वास व्यक्त गरेका छन्।

***विधानसभाकी उपाध्यक्ष  श्रीमती राजकुमारी थापाले बडादशैंको शुभकामना व्यक्त गर्नु भयो***

सिक्किम विधानसभाकी उपाध्यक्ष तथा राङगाङ-याङगाङ निर्वाचन क्षेत्रकी विधायक श्रीमती राजकुमारी थापाले बडादशैंको पावन अवसरमा सिक्किमवासीहरूमा हार्दिक शुभकामना व्यक्त गरेकी छन् । आफ्नो शुभकामना सन्देशमा श्रीमती थापाले माता दुर्गाको दिव्य आशीर्वादले प्रत्येक घरपरिवारमा शान्ति, सुख, समृद्धि, सुस्वास्थ्य र सद्भाव कायम रहोस् भन्ने कामना गरेकी छन्।
उहाँले यस पवित्र पर्वले प्रेम, एकता र भाइचाराको सम्बन्धलाई अझ सुदृढ बनाउँदै सबैको जीवनमा आशा, सकारात्मकता र नयाँ सुरुवातको सञ्चार गरोस् भन्ने कामना व्यक्त गरेकी छन्।

***सिक्किममा दुर्गापूजाको अवसरमा धार्मिक उत्साह र हर्षोल्लासको वातावरण***

सिक्किममा दुर्गापूजाको अवसरमा धार्मिक उत्साह र हर्षोल्लासको वातावरण छाएको छ। माता दुर्गाको आराधना गर्दै राज्यका विभिन्न स्थानमा श्रद्धालुहरूले पूजाअर्चना गरिरहेका छन्। यो पर्वले राज्यमा धार्मिक आस्था, सांस्कृतिक परम्परा र सामाजिक सद्भावलाई थप बलियो बनाएको छ।सिक्किममा दुर्गापूजा हिन्दू नेपाली समुदायको प्रमुख धार्मिक पर्वका रूपमा मनाइन्छ। शारदीय नवरात्रको प्रारम्भदेखि नवमीसम्म माता दुर्गाका विभिन्न स्वरूपको पूजा गरिन्छ। भक्तजनहरू मन्दिर तथा पूजा पण्डालमा पुगेर देवीको दर्शन गर्ने, पुष्पाञ्जली अर्पण गर्ने र सुख, शान्ति तथा समृद्धिको कामना गर्ने गर्छन्। दुर्गापूजासँगै सिक्किममा दशैंको परम्पराले पनि विशेष महत्त्व राख्छ। विजयादशमीका अवसरमा परिवारका ज्येष्ठ सदस्यहरूले आफूभन्दा कनिष्ठ सदस्यहरूलाई टीका तथा जमरा लगाइदिएर आशीर्वाद दिने परम्परा छ। यस अवसरमा आफन्त तथा परिवारका सदस्यहरूबीच भेटघाट हुने र आपसी प्रेम, सद्भाव तथा भाइचाराको भावना साटासाट गरिन्छ।दशैं तथा दुर्गापूजाको यस उत्सवले सिक्किमको बहुसांस्कृतिक समाजमा धार्मिक सहिष्णुता र सामाजिक एकताको सन्देश प्रवाह गरेको छ। पर्वका अवसरमा मानिसहरूले परिवारको सुख, सुस्वास्थ्य र समृद्धिको कामना गर्दै परम्परालाई निरन्तरता दिइरहेका छन्।दुर्गापूजा र दशैं सिक्किमको धार्मिक तथा सांस्कृतिक जीवनका महत्त्वपूर्ण अङ्ग हुन्। यी पर्वले नयाँ पुस्तालाई आफ्नो परम्परा र संस्कृतिसँग जोड्नुका साथै समाजमा आपसी सद्भाव र एकताको भावना अभिवृद्धि गर्न योगदान पुऱ्याउँदै आएका छन्।

आज नवरात्रिको नवौँ दिन अर्थात् महानवमी हो । भारतभरि तथा विदेशमा रहेका भारतीय समुदायले पनि श्रद्धा र भक्तिभावका साथ महानवमी पर्व मनाउँदैछन्। नवरात्रिको सबैभन्दा महत्त्वपूर्ण दिनमध्ये एक मानिने महानवमीले नौ दिनसम्म चल्ने पर्व तथा व्रतको समापनलाई जनाउँछ। यस दिन माता दुर्गाले महिषासुर नामक राक्षसमाथि विजय प्राप्त गरेको धार्मिक मान्यता रहेको छ। महानवमीले अधर्ममाथि धर्म र असत्यमाथि सत्यको विजयको प्रतीकका रूपमा विशेष महत्त्व राख्दछ।

**सिक्किम डेमोक्रेटिक फ्रन्टका अध्यक्ष पवन चाम्लिङले बडा दशैं २०२६ को अवसरमा मङ्गलमय शुभकामना व्यक्त गरेका छन्।**

सिक्किम डेमोक्रेटिक फ्रन्ट (एसडीएफ) का अध्यक्ष पवन चाम्लिङले नेपालीहरूको महान् पर्व बडा दशैं २०२६ को अवसरमा सम्पूर्ण नेपाली समुदायमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गरेका छन्। आफ्नो शुभकामना सन्देशमा चाम्लिङले बडा दशैंलाई असत्यमाथि सत्यको र अन्धकारमाथि उज्यालोको विजयका रूपमा व्याख्या गर्दै यस पर्वले सबैलाई सत्य तथा सुन्दर मूल्यहरूको पक्षमा उभिने साहस, चेतना र प्रेरणा प्रदान गर्ने विश्वास व्यक्त गरेका छन्। उनले समाजमा विद्यमान तामसी, विध्वंसक तथा नकारात्मक शक्ति र प्रवृत्तिविरुद्ध सङ्घर्ष गर्दै समाज तथा समग्र मानवजातिको हितमा अघि बढ्ने शक्ति यस महान् पर्वले प्रदान गरोस् भन्ने कामना गरेका छन्।चाम्लिङले बडा दशैंको अवसरमा सबैको जीवनमा सुख, शान्ति र समृद्धि छाओस् भन्दै अभाव, अन्याय र अत्याचारबाट सबै मानिसहरू मुक्त हुन सकून् भन्ने शुभेच्छा व्यक्त गरेका छन्।